# नीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
धादिङ वेशी, धादिङ
बागमती प्रदेश, नेपाल

पत्र संख्या: २०८१।८२ चलानी नं २१४३ मिति : २०८१।११।२०

सवै वडा कार्यालय
नीलकण्ठ नगरपालिका धादिङ ।

विषय : महिला उधमशिलता उत्सव मनाउने सम्वन्धमा सहयोग गर्ने वारे ।

उपरोक्त सम्वन्धमा यस कार्यालयमा मिति २०८१।११।१९ गते बसेको बैठकले ११५औ अन्तराष्ट्रिय श्रमिक महिला दिवश मनाउने सन्दर्भमा मिति २०८१।११।२४ गते महिला उधमीले उत्पादन गरेका सामान प्रदर्शन तथा **महिला उधमशिलता उत्सव** मनाउन लागेको हुंदा तहा वडाभित्र रहेका उधमी महिलाहरुले तयार गरेका सामाग्री प्रदर्शन तथा विक्रि वितरणका लागि सूचना सम्प्रेषण गरिदिनुहुन अनुरोध छ ।यस उत्सवको उदेश्य महिलाहरुले तयार गरेका विभिन्न हस्तकला , घरेलु उत्पादन,कृषि लगायतका सामाग्रीहरुको प्रदर्शनी तथा विक्रि वितरण तथा बजारिकरण गर्ने अवसर प्रदान गर्नु हो ।यसै सन्दर्भमा उक्त कार्यक्रम सञ्चालन तपशिलको मिति, समय र स्थानमा हुने भएकाले उधमी महिला सहभागी गराउन प्रोत्साहित गरि आवश्यक सहयोगको लागि अनुरोध छ ।

तपशिल

मिति : २०८१।११।२४

स्थान : नीलकण्ठ -३, वीचवजार धादिङ्ग

समय : विहान १० वजे

**नोट** : स्टल नि:शुल्क उपलव्ध गराइने छ र मिति २०८१।११।२२ गते कार्यालय समयभित्र स्टलको नाम दर्ता गरिसक्नु पर्नेछ ।

थप जानकारीका लागि महिला विकास निरिक्षक निर्मला के.सी ९८४१४२७२४४ मा सम्पर्क गर्न सकिनेछ ।

पुरुषोत्तम सुवेदी
प्रमुख प्रशासकीय अधिकृत